नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डोटी

फोन नं.०९४-४२०१३३,
- ४२०१५१,
- ४२०१०८
फ्याक्स नं. ०९४–४११२११
e-mail :- dao.doti68@gmail.com,
daodoti@moha.gov.np

प.सं. ०७७/७८
चलानी नं.

## डोटी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञाको आदेश

विश्वव्यापी महामारीको रुपमा फैलिएको नयाँ भेरिएन्ट सहितको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालका अधिकांश स्थानहरुमा तीव्र रुपमा फैलिइरहेको, पछिल्ला दिनहरुमा यस डोटी जिल्लामा समेत संक्रमणको दर उच्च रहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि संक्रामक रोग ऐन,२०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२१ गते राती १२:०० बजेदेखि मिति २०७८/०१/३१ गते राती १२:०० बजेसम्म डोटी जिल्लाभर लागू हुनेगरी देहायबमोजिम जारी गरिएको निषेधाज्ञा मिति २०७८/०२/१५ गते राती १२:०० वजेसम्मका लागि लागू हुने गरी निरन्तरता दिईएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

**देहायः**

१. **सर्वसाधारणका लागिः**
- निषेधाज्ञा अवधिभर औषधी उपचार तथा अन्य अत्यावश्यक काममा बाहेक कोही पनि व्यक्ति घरबाहिर ननिस्किने।
- कुनै पनि प्रकारका भेला, जात्रा, महोत्सव, जुलुस नगर्ने।
- कोभिड-१९ को लक्षण देखिएमा वा यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकका स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. **कार्यालय सञ्चालन सम्वन्धमा :**
- सरकारी कार्यालय, बैंक तथा वित्तिय सस्थाहरुले आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरी सम्वन्धित माथिल्लो निकायको स्वीकृति लिई आलोपालो सेवा वा कम संख्यामा कर्मचारी तथा सवारी साधन प्रयोग गरी कार्यालयको आन्तरिक ब्यवस्थापन एवं अत्यावश्यक कार्य गर्ने ब्यवस्था मिलाउने ।
- अत्यावश्यक सेवा वाहेक अन्य सेवा हाललाई स्थगन गर्ने ।

३. **सभा सम्मेलनको हकमाः**
- सवै प्रकारका सभा सम्मेलन, गोष्ठि, तालिम, सेमिनार, सिनेमाहल, पार्टी प्यालेस, स्विमिङ पुल, मनोरञ्जन स्थल, शैलुन, व्युटीपार्लर, जिम खाना, समूहमा खेलिने खेलकुद, संग्रहालय, पुस्तकालय आदि सञ्चालन गर्न नपाईने।

४. **सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनको हकमाः**
- सवै प्रकारका सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाईने ।
- अत्यावश्यक सेवाहरु जस्नैः शान्ति सुरक्षा, स्वास्थ्य, खानेपानी, खाद्यान्न, दुध तथा दुग्धजन्य पदार्थ, विद्युत, दमकल, सञ्चार, क्वारेन्टिन, फोहरमैला व्यवस्थापन, इन्धन, माछामासु, पशुपंक्षीको दाना, एम्बुलेन्स, स्वास्थ्यकर्मी, औषधी र अत्यावश्यक वस्तु तथा मालसामान ढुवानी गर्ने ढुवानीका साधन सञ्चालन गर्न पाईने।

५. **अत्यावश्यक सेवा तथा खाद्य समाग्रीको हकमाः**
- औषधी एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुला रहने ।
- स्वास्थ्य सेवा, दुध डेरी, पेट्रोलीयम पदार्थ वाहेक अन्य पसल/ब्यवसाय संचालन गर्न नपाईने । नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गरी तरकारी, फलफुल, माछा मासु, पानी, ग्यास

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

डोटी

फोन नं.०९४-४२०१३३,
- ४२०१५१,
- ४२०१०८
फ्याक्स नं. ०९४-४११२११
e-mail :- dao.doti68@gmail.com,
daodoti@moha.gov.np

प.सं. ०७७/७८
चलानी नं.

तथा खाद्य सामग्रीका पसलहरु विहान ६.०० बजेदेखि ९.०० बजेसम्म र बेलुका ५:०० बजेदेखी ७:०० बजेसम्म मात्र खुला रहने।

६. विवाह/व्रतवन्ध/पूजाआजा वा अन्य संस्कारका लागि बढिमा १५ जनासम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी इकाइसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने। विवाहका लागि एउटा गाडीमा बढीमा १५ जनाको संख्यामा नबढ्ने गरी शुभ-विवाहको व्यानर राखी विवाहका निम्ति जान आउन सकिने ।

७. अत्यावश्यक वाहेक अन्य सवै प्रकारका बैङ्किङ्ग सेवाहरु वन्द गर्ने ।ए.टि.एम. (ATM) सेवा २४ सै घण्टा सूचारु रहने व्यवस्था मिलाउने ।

८. परम्परागत रुपमा हुँदै आएको दैनिक रुपमा हुने नित्य पूजा बाहेकका सम्पूर्ण धार्मिक, साँस्कृतिक गतिविधिहरु सञ्चालन नगर्ने।

९. सबै प्रकारका शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, भाषा कक्षा, ट्युसन सेन्टर लगायतका जमघट हुने गतिविधिहरु सञ्चालन नगर्ने।

१०. सञ्चारकर्मीको हकमा सूचना विभागले जारी गरेको प्रेस पास वा परिचयपत्रको आधारमा आवत जावत गर्न सक्ने।

११. सरकारी कर्मचारी एवं अत्यावश्यक सेवा प्रदायक कार्यालयका कर्मचारी कार्यालयले जारी गरेको परिचय पत्रका आधारमा कार्यालयमा आवतजावत गर्न सक्ने ।

१२. विकास निर्माणका कार्यहरु तपसिलका सुरक्षा तथा स्वास्थ्य मापदण्ड सहित सञ्चालन गर्न सकिने:

- श्रमिक र अन्य जनशक्ति अनिवार्यरुपमा कार्यस्थलमै रहनुपर्ने, निजलाई खाना र बस्नको व्यवस्था कार्यस्थलमै गरिदिनुपर्ने, बाहिर जान र बाहिर रहेका परिवारसँग सम्पर्क गर्न नदिने।
- सबै श्रमिकको दैनिक ज्वरो नाप्ने, मास्क, सेनिटाइजर तथा साबुनपानीको प्रयोग गर्ने।
- संक्रमणको लक्षण देखा परेमा व्यवसायीलेनै आइसोलेशनमा राख्ने ।
- सम्बन्धित आयोजना सञ्चालन गर्ने कार्यालयको सिफारिसमा मात्र निर्माण कार्यमा प्रयोग हुने सवारी साधनहरु सञ्चालन गर्ने।

१३. निषेधाज्ञा अवधिभर अत्यावश्यक सेवा बाहेक अन्य प्रयोजनको लागि सवारी पास जारी नहुने।

यस आदेशको पालना गर्नु/गराउनु सम्बन्धित सबै सरकारी/गैरसरकारी संघ, संस्था, व्यक्ति, पेशाकर्मी, उद्योगी, व्यवसायी, सञ्चारकर्मी तथा आम नागरिकहरुको कर्तव्य हुनेछ। यस आदेशको उल्लंघन गर्ने, आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी तथा औषधीजन्य सामग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहजआपूर्तिमा अवरोध गर्नेहरु उपर संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ ।

मितिः २०७८/०१/३०

.....................
सुशील खनाल
प्रमुख जिल्ला अधिकारी